नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २९४ २०८३ साल असार २३ गते मंगलबार (7 July 2026 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायुमैत्री प्रविधिको... ३ पृष्ठमा : आन्तरिक रोजगारको सिर्जनार ... ३ पृष्ठमा : खामेनीको अन्त्येष्टिका...

# घुस मागेको आरोपमा अख्तियारको टोलीद्वारा भेटेरीनरीका प्रमुख र सवारी चालक पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २२ असार ।**

राजविराजस्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको टोलीले सोमबार छापा मार्दै कार्यालय प्रमुख र सवारी चालकलाई नियन्त्रणमा लिएको छ ।

अख्तियारको टोलीले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सप्तरीका कार्यालय प्रमुख रामपवित्र दास र सवारी चालक भोगेन्द्र यादवलाई नियन्त्रणमा लिएको हो ।

पशुचौपाया र बाखाहरूमा लाग्ने महामारी जन्य रोग विरुद्ध लगाइने पीपीआर खोप लगाउन नियुक्ति गरेका भ्याक्सिनेटरसँग भुक्तानीका लागि २० देखि २५ प्रतिशतसम्म रकम प्रति भ्याक्सिनेटर घुस मागेको उजुरीका आधारमा अख्तियारको टोलीले छापा मार्दै प्रमुख र चालकलाई नियन्त्रणमा लिएको जनाएको छ ।

कार्यालय प्रमुख दासले भ्याक्सिनेटरहरूलाई घुस रकम माग्न सवारी चालकलाई दबाब दिएर फोन गर्न लगाउने गरेको आरोप छ ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरीले भ्याक्सिनेटरहरूलाई भ्याक्सिन लगाएवापत प्रति बाखा ५ र पशुचौपायाको १० रूपैयाँ दिने गरेको छ ।

उनीहरूले भ्याक्सिन लगाएको क्षेत्रका सम्बन्धित वडाध्यक्षबाट प्रमाणित गराएर भुक्तानीका लागि निवेदन दिने गरेको छ । सोही काम गरेको रकम भुक्तानी माग गर्दा कार्यालय प्रमुखले घुस मागेपछि भ्याक्सिनेटरहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सामूहिक उजुरी गरेका थिए ।

# सरकारी प्रतिबद्धता पछी राजविराजवासीको आन्दोलन ४० दिनका लागि स्थगित




फायल तस्बिर

**दैनिक समाचारदाता**
**राजविराज, २२ असार ।**

लालपूर्जा माग्दै विगत ५१ दिन देखी जारी राजविराज नगरवासीको आन्दोलन साउन ३१ गतेसम्मका लागि स्थगित भएको छ ।

नगरवासीद्वारा गठित जनआन्दोलन परिचालन समितीले सोमबार एक प्रेस विज्ञप्ती जारी गरी आन्दोलन स्थगित गरिएको जनाएको छ ।

समितीका संयोजक खेलानन्द दासका अनुसार सरकारबाट व्यक्त गरिएको प्रतिबद्धतालाई मध्यनजर गर्दै साउन ३१ गतेसम्मका लागि आन्दोलन स्थगित गरिएको हो ।

समितीका संयोजक दासले आफुहरुको जायज माग सम्बोधन गर्न सरकार गम्भीर भएको, छिट्टै आवश्यक प्रकृया पुरा गरी लालपूर्जा प्रदान गर्ने प्रतिबद्धता जनाएको तथा आन्दोलन रोक्न अनुरोध गरेकाले आजकै मितिदेखी ४० दिन अर्थात साउन ३१ गतेसम्मका लागि आन्दोलन स्थगित गरिएको जनाएका छन । उनले अब केही दिन पर्खिने तथा प्रतिबद्धतानुसार माग पुरा नभए आन्दोलनलाई अझ सशक्त ढंगले पुनःअघि बढाउने उद्घोष गरे ।

उनले मन्त्री प्रतिभा रावल तथा सत्ताधारी दलका राष्ट्रिय नेताहरुसंग राजविराजवासीको लालपूर्जाका विषयमा ३/४ पटक काठमाडौंमा छलफल भइसकेको तथा माग पुरा गर्न सबै सकारात्मक देखिएकाले केही समयका लागी आन्दोलन स्थगित गर्ने निर्णय गरिएको स्पष्ट पारेका छन ।

उनकै हस्ताक्षरमा जारी प्रेस विज्ञप्तीमा निरन्तरको आन्दोलनले सरकार माथी

*बाँकी अन्तिम पृष्ठमा*

## कर परामर्श सेवा केन्द्र

**राजविराज-३**

**कर्मचारी आवश्यकता**

**दोश्रो पटक प्रकाशित** मिति : २०८३/०३/२३

यस परामर्श केन्द्रका लागि निम्न अनुसारको कर्मचारीको आवश्यकता भएकोले यो सूचना दोश्रो पटक प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र इच्छुक उम्मेदवारहरुले आ-आफ्नो प्रमाणपत्रको प्रतिलिपि यस परामर्श केन्द्रमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

१ पद : कम्प्युटर अपरेटर
२ संख्या : २ (दुई)
३. योग्यता : बाणिज्य विषयमा न्यूनतम +२ उत्तिर्ण भएको ।
४. पारिश्रमिक : आपसी सहमतिमा तय गरिने छ ।
५. परीक्षाको किसिम : प्रतियोगात्मक र अन्तरवार्ता.
५. सम्पर्क नं. : ९८०१५३०५७७/९८०४७९८८०८
**नोट :** कम्प्युटरमा ट्याली, एक्सल र नेपाली टाईपिङमा दक्षता प्राप्त हुनुपर्ने छ ।

**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

मधुमेहले,
- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफुड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# असारे बजेट : सदुपयोग कि दुरुपयोग ?

हरेक वर्ष असार लागेसँगै विकास निर्माणका गतिविधि एकाएक तीव्र हुने दृश्य नेपालभरि देखिन्छ । वर्षभरि सुस्त गतिमा रहेका धेरै योजना असारको अन्तिम समयमा मात्र तीव्र बनाइने चलन रहीआएको छ । यस्ता कार्यले बजेट खर्च गर्ने हतारमा गुणस्तर, पारदर्शिता र दीर्घकालीन उपयोगिताभन्दा रकम सक्ने मानसिकता हाबी हुने गरेको छ । बजेटको समयमै सदुपयोग हुनु आवश्यक छ । तर, असारको अन्तिम सातादेखि अन्तिम दिनसम्म ठूलो रकम खर्च गर्ने, वर्षाका बेला सडक कालोपत्रे गर्ने, पर्याप्त अनुगमनबिना भुक्तानी गर्ने तथा आवश्यकताभन्दा बढी खरिद गर्ने प्रवृत्तिले बजेट दुरुपयोग भएको सन्देश दिन्छ । असारे खर्चको संस्कृतिले सरकारी निकायप्रतिको जनविश्वास पनि कमजोर बनाएको छ ।

हतारमा सम्पन्न गरिएका धेरै निर्माण कार्य केही समयमै बिग्रिने, पुनः मर्मत गर्नुपर्ने र राज्यको थप स्रोत खर्च हुने अवस्था सिर्जना हुन्छ । यसले विकासको गति मात्र होइन, सार्वजनिक सम्पत्तिको गुणस्तरमा पनि नकारात्मक असर पार्छ । यस समस्याको समाधानका लागि योजना निर्माणदेखि कार्यान्वयनसम्म वार्षिक कार्यतालिका कडाइका साथ पालना गर्नुपर्छ । बजेट वर्षको सुरुदेखि नै नियमित रूपमा खर्च गर्ने, समयमै ठेक्का प्रक्रिया पूरा गर्ने, प्रभावकारी अनुगमन गर्ने र गुणस्तरमा कुनै सम्झौता नगर्ने संस्कृतिको विकास आवश्यक छ ।

बजेट खर्चको मूल्यांकन रकमको आधारमा होइन, प्राप्त उपलब्धि र जनताको हितका आधारमा हुनुपर्छ । विकास भनेको असारमा मात्र देखिने गतिविधि होइन, वर्षभरि निरन्तर चल्ने प्रक्रिया हो । तसर्थ असारे बजेटलाई हतारमा सक्ने होइन, योजनाबद्ध, पारदर्शी र जनमुखी ढंगले सदुपयोग गर्ने संस्कार स्थापित गर्न सके मात्र राष्ट्रको विकासले सही गति लिन सक्छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जलवायुमैत्री प्रविधिको प्रयोगबाट धानमा आत्मनिर्भरताको अपेक्षा

**कृष्णराज गौतम**
काठमाडौं, २२ असार (रासस) ।

धानबालीको उत्पादनले मात्रै देशको कूल गार्हस्थ्य उत्पादनमा करिब रु दुई खर्ब बराबरको योगदान गरेको छ । मुलुकको कूल गार्हस्थ्य उत्पादनमा समग्र कृषि क्षेत्रले करिब २३ प्रतिशत हाराहारीमा योगदान गरेको हो ।

कृषि विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक घरधुरीमध्ये २७ लाख ६५ हजार घरधुरी धानखेतीमा आबद्ध रहेका छन् । कूल खेती गरिएको जमिनमध्ये ५४ प्रतिशतमा धानखेती हुने गरेको विभागका महानिर्देशक प्रकाशकुमार सन्जेलले बताउनुभयो ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले धानबालीमा आत्मनिर्भरता हासिल गर्न विविध कार्यक्रम सञ्चालन समेत गरेको छ । चैते धानबालीको क्षेत्र विस्तार, उत्पादकत्व वृद्धिका लागि उन्नत बीउ उत्पादन तथा उपयोग प्रवर्द्धन, स्वदेशी उन्नत जात विकास, रासायनिक मल उपलब्धता सुनिश्चितता, प्रविधि प्रसार एवं बजार मूल्य सुनिश्चितका लागि न्यूनतम समर्थन मूल्य निर्धारणमा मन्त्रालयले कार्य गर्दै आएको छ ।

धानबाली सामाजिक, आर्थिक, सांस्कृतिक एवं धार्मिक महत्वका कारण नेपाली जनजीवनको पहिचानसँग जोडिएको छ । धानखेतीलाई खाद्य तथा पोषण सुरक्षाको आधारस्तम्भको रुपमा पनि लिइएको छ । कृषक परिवारको जनजीविका, कृषि उत्पादन, मुलुकको समग्र खाद्य सुरक्षा र अर्थतन्त्रमा योगदानका कारण नेपाल सरकारको दीर्घकालीन तथा आवधिक योजना एवं वार्षिक विकास कार्यक्रममा धानबाली प्राथमिकता प्राप्त बाली रहँदै आएको छ । पछिल्लो राष्ट्रिय कृषि गणनाअनुसार कृषि गार्हस्थ्य उत्पादनमा धानबालीको करिब १३ प्रतिशत हिस्सा रहेको तथा कूल खाद्यान्न बाली उत्पादनमा धानबालीको हिस्सा ५० प्रतिशत रहेको छ । करिब १४ लाख हेक्टरमा धानखेती हुने गरेको छ ।

आव २०८१/८२ मा ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन धान उत्पादन भएको विभागले जनाएको छ । विभागका महानिर्देशक सन्जेलका अनुसार देशभर वार्षिक करिब ७० लाख मेट्रिक टन धानको आवश्यकता पर्दछ । विद्यमान उत्पादनले माग धान्न नसक्दा बर्सेनि करिब १० लाख मेट्रिक टन धान अपुग हुन्छ । मागअनुसार उत्पादन हुन नसक्दा तथा अधिकांश उपभोक्ताको जीवनस्तरमा आएको सुधारका कारण मसिनो तथा बास्नादार चामलको माग बढ्काले पनि आयात वृद्धि भएको छलस् ।

प्रत्येक वर्ष करिब ३० देखि ३५ अर्ब रुपैयाँभन्दा बढीको धान र चामल आयात हुने गरेको छ । चालु आवको ११ महिनामा मात्रै करिब रु १७ अर्ब बराबरको धान, चामल तथा धानको बीउ आयात भएको भन्सार विभागले जनाएको छ । गत वर्ष चैतसम्म रु १८ अर्ब पाँच करोड २० लाख बराबरको धान आयात भएको जनाइएको छ । तथ्याङ्कअनुसार चालु आव २०८२/८३ को नौ महिनामा धान चामल आयातबापत सरकारले रु दुई अर्ब २६ करोड ४६ लाख राजस्व सङ्कलन गरेको छ । गत आवको सोही अवधिमा सरकारले यसै शीर्षकबाट रु दुई अर्ब ९४ करोड राजस्व सङ्कलन गरेको थियो ।

देशका कतिपय स्थानमा जलवायु र सिँचाइको अभावले धान रोपाइँ आकासेपानी र मनसुनमा निर्भर छ । उत्पादन अझै पनि पूर्ण रूपमा बढ्दो सहरीकरणका कारण पनि खेतीयोग्य जमिनको घट्दो क्रममा छ । युवा जनशक्ति विदेसिने क्रमले पनि खेती घट्दो छ । त्यसको असर उत्पादनमा पनि पर्ने गरेको छ । धानबालीको क्षेत्रमा आएको कमीका कारण उत्पादकत्व वृद्धि अपरिहार्य रहेको सन्दर्भमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव चुनौतीको रुपमा देखिएको छ ।

मौसमी वर्षामा निर्भर नेपालको खेती प्रणाली विगत केही वर्षदेखि विभिन्न जलवायु सिर्जित प्रकोपबाट प्रभावित रहँदै आएको छ । विभिन्न समयमा आएका बाढी, पहिरो, डुबानले देशका विभिन्न भूभाग प्रभावित भएका छन् । गत वर्ष तराईमा सुक्खाका कारण धान रोपाइँ प्रभावित भई उत्पादनमा प्रतिकूल असर समेत परेको थियो । सन् २०२६ को मध्यबाट एलनिनोको प्रभाव देखा परेको थियो । यो एक प्राकृतिक जलवायु चक्र हो । यसले विश्वभरिको मौसम र तापक्रममा ठूलो फेरबदल ल्याउने गरेको छ । यो प्रशान्त महासागरको मध्य तथा पूर्वी भागको समुद्री सतहको तापक्रम सामान्यभन्दा बढी बढ्दा उत्पन्न हुने प्रक्रिया हो । 'एल निनो' दक्षिणी प्रशान्त महासागरमा हुने गरेको अस्वाभाविक चालका कारण सामुद्रिक तापक्रमको फरकपन हो । नेपालमा पनि यसको प्रभावले खण्डवृष्टि, सुक्खापन वा अत्यधिक वर्षाले गर्दा उत्पादनमा वर्षौंपिच्छे उतारचढाव आउने गरेको छ ।

मौसमको प्रतिकूलताका कारण यस वर्ष देशभर धान रोपाइँ गत वर्षको तुलनामा ४.३ प्रतिशतले कमी आएको छ । गत वर्ष १५.६ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ११.३ प्रतिशत कमी आएको हो । रोपाइँ कम हुँदा त्यसको असर उत्पादनमा पनि पर्ने प्रक्षेपण गरिएको छ । यही असार १२ गतेसम्म देशभर करिब एक लाख ५७ हजार हेक्टर जमिन रोपाइँ भएको जनाइएको छ । जलवायु परिवर्तनको असरले मनसुन समयमा सक्रिय नभएकाले रोपाइँका लागि देशका अधिकांश ठाउँमा आवश्यक वर्षा हुन सकेको छैन । मौसमको प्रतिकूलता, प्राकृतिक विपद्, अतिवृष्टि तथा अनावृष्टि, मलको समस्याले कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ ।

मधेस प्रदेशमा करिब पाँच प्रतिशत मात्र रोपाइँ भएको छ । धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ । सो क्षेत्रबाट धानको उत्पादकत्व वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान रहेको छ भने पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ । केही दिनदेखि तराईका विभिन्न क्षेत्रमा पनि वर्षा सुरु हुने क्रममा रहेकाले रोपाइँ बढ्न सक्ने अनुमान गरिएको छ ।

नेपालमा करिब २२ लाख कृषक परिवार खान नपुग्ने अवस्थामा छन् । यस वर्ष 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' मूल नाराका साथ २३औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव विभिन्न कार्यक्रमक आयोजना गरी मनाइयो । देशभर असार १५ का दिन मनाइने राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवले कृषि क्षेत्रमा ठूलो उत्साह र उमङ्ग ल्याउने गरेको छ । 'मानो रोपेर मुरी फलाउने' भन्ने बुढापाकाको भनाइबाट यो पर्वले धान उत्पादनमा आत्मनिर्भर बन्न किसानलाई उत्साह थपेको छ ।

कृषिमा परनिर्भरता बढ्दै गएको अवस्थामा यस दिवसले उत्पादकत्व बढाउन, आधुनिक प्रविधि अपनाउन र युवालाई कृषिमा आकर्षित गर्न प्रेरित गर्न तथा वर्षभरि नै किसानलाई बीउबिजन, मल, र सिँचाइको उचित व्यवस्था गर्न महोत्सवले सन्देश दिएको बालि विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका प्रमुख केशव देवकोटाले बताउनुभयो ।

कृषि वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत कृषि जैविक विविधता संरक्षण केन्द्रले लोपोन्मुख रैथाने बाली तथा कृषि जैविक विविधताको संरक्षणका लागि करिब रु तीन करोड अनुदान उपलब्ध गराएको छ । लोप हुने अवस्थामा पुगेका स्थानीय बाली तथा प्रजातिहरूको पहिचान, खेती विस्तार, अनुसन्धान तथा बीउ विकास, स्थानीय हावापानी अनुकूलका बीउ उत्पादन तथा प्रवर्द्धनका लागि स्थानीय तह, कृषि सहकारी र कृषक समूहलाई लक्षित गरी करिब रु तीन करोड सहयोग प्रदान गरेको हो ।

रैथाने बालीको संरक्षण गर्ने उद्देश्यले विभिन्न ४० स्थानीय तहमार्फत यस किसिमको आर्थिक सहयोग प्रदान गरिएको केन्द्र प्रमुख केशव देवकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार कृषि जैविक विविधताको दिगो व्यवस्थापनमा सहभागी सम्बन्धित किसानलाई अनुदान प्रदान गरिएको छ । अनुदान प्राप्त गर्न कृषक समूह, कृषि सहकारी वा निजी फार्म सम्बन्धित निकायमा दर्ता भई नवीकरण भएको हुनुपर्ने व्यवस्था छ । केन्द्रले स्थानीय तहसँग समन्वय गरी कृषि जैविक विविधताको दिगो व्यवस्थापन भए नभएको अनुगमन समेत गर्ने गरेको छ । कृषकद्वारा परम्परागत ज्ञान तथा सीपको प्रयोगबाट गरिने उत्पादनले जैविक विविधता संरक्षणमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

कृषि जैविक विविधताको व्यवस्थापनमा माटोका सूक्ष्म जीव र कृषि प्रणालीसँग सम्बन्धित आनुवंशिक स्रोतहरूको दिगो संरक्षणमा जोड दिएको केन्द्रले किसानसँग खाद्य सुरक्षा, पोषण र जलवायु परिवर्तन अनुकुलनमा ध्यान केन्द्रित गर्न आग्रह गरेको केन्द्रले कृषि जैविक विविधताको व्यवस्थापनका लागि प्राङ्गारिक मल र जैविक विधि अपनाउनुपर्ने शर्त राखेको छ । कृषकको हकहित र ज्ञानको संरक्षण गरी रैथाने बीउबिजन जोगाउन किसानले जैविकखेती प्रणालीमा रासायनिक मल/विषादीको प्रयोग गर्न प्रतिबन्ध गरिएको छ ।

सरकारले धानमा आत्मनिर्भरताको नारा दिए पनि हाइब्रिड (वर्णशंकर) जातको उन्नत बीउ पर्याप्त उत्पादन हुन नसक्दा करिब रु डेढ अर्बको धानको बीउ आयात हुने गरेको छ । यस वर्ष नेपालको कृषि उत्पादन क्षेत्र मनसुनी विपत्को उच्च जोखिममा रहेको छ/ । मनसुन भित्रिए पनि यतिखेर वर्षा कम गराइरहेको छ/ । कृषि क्षेत्रमा अतिवृष्टि र अनावृष्टिको उच्च जोखिम कायम छ/ । कृषि क्षेत्रको प्रगतिका लागि समयमै मल तथा उन्नत बीउको उपलब्धता, सिँचाइ सुविधाको विस्तार र धानखेतीको आधुनिकीकरण गर्न आवश्यक छ ।

कृषि क्षेत्रमा हुने उत्पादनको वृद्धिले देशको समग्र अर्थतन्त्रलाई सकारात्मक तथा गतिशील बनाउन सहयोग गर्दछ । कृषि विभागले बाली तथा बीउबिजन, अनुदान तथा तालिम, माटो परीक्षण र बजार मूल्यको व्यवस्थापन गर्न भूमिका निर्वाह गरेको छ ।

गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुन प्रतिकार्य योजना हरेक वर्ष निर्माण गर्छ । त्यसमा कृषि क्षेत्र केवल सानो हिस्साका रूपमा रहेको छ/ । कृषि, वन तथा वातावरण मन्त्रालयअन्तर्गत रहेको कृषि सूचना प्रशिक्षण सञ्चार केन्द्रले मौसमी सूचना प्रचारप्रसार गर्दै आएको छ । केन्द्रका अधिकृत सञ्जीव पण्डितले राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभागलगायतसँग आवश्यक समन्वय गरी ती निकायले उपलब्ध गराएको सूचनाको विश्लेषण गरी कृषि क्षेत्रमा आउन सक्ने जोखिमबारे सूचना मोबाइल म्यासेजबाट पठाउने गरेको छ/ ।

नेपालको संविधानको धारा ३६ मा खाद्यसम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । संविधानको धारा ५१ मा कृषि र भूमिसुधारसम्बन्धी नीति र नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिहरू उल्लेख गरिएका छन् । खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संरक्षण गर्न खाद्य ऐन २०२३, उपभोक्ता संरक्षण ऐन २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन २०७५ कार्यान्वयनमा ल्याइएको छ । उक्त ऐनमा किसानले कृषियोग्य भूमि, बीउबिजन र प्रविधि आवश्यकताअनुसार छनोट गर्न पाउने, खाद्यसम्बन्धी नीति निर्माण प्रक्रियामा किसानलाई सहभागिता जनाउने, खाद्य उत्पादनका प्रणालीसँग सम्बन्धित व्यवसाय रोज्न पाउने जस्ता विषय समावेश गरिएको छ । खाद्य सम्प्रभूताले कृषि प्रणालीको निर्णायक भूमिकामा उत्पादनकर्ता किसानहरूको अधिकारलाई स्थापित गर्न खोजिएको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी नियमावली बन्ने तयारीमा छ ।

# आन्तरिक रोजगारको सिर्जना र वैदेशिक रोजगार व्यवस्थितमा केन्द्रित श्रममन्त्रालय

मधु शाही

काठमाडौँ, २२ असार (रासस)।

प्रशासनिक सुधारको लक्ष्यलाई केन्द्रमा राख्दै सरकारले सुरु गरेको १०० दिने कार्ययोजनाअन्तर्गत युवा, श्रम तथा रोजगार मन्त्रालयले श्रम प्रशासनलाई डिजिटल, पारदर्शी र सेवामुखी बनाउने दिशामा महत्त्वपूर्ण नीतिगत तथा प्रविधिमैत्री सुधारहरू अघि सारेको छ।

यस अवधिमा मन्त्रालयले आफू मातहतका विभाग र प्रशासनमा सुशासन प्रवर्द्धनका गतिविधि अगाडि बढाएको उल्लेख गर्दै पटक-पटक पुनः श्रम स्वीकृति लिनुपर्ने झन्झट हटाएको जनाएको छ।

मन्त्रालयका अनुसार वैदेशिक रोजगारीमा हुने ठगी र गलत अभ्यास प्रभावकारी नियन्त्रण, ठगी गर्ने व्यक्ति, समूह निकायको पहिचान, अनुसन्धान र कारबाहीलाई थप सुदृढ बनाउन सूचना प्रविधिमा आधारित 'अपरेसन इलिगल एजेन्ट क्लिन अप' वेबसाइट कार्यान्वयनमा ल्याइएको छ।

यसैगरी, पश्चिम एसियाको तनावका कारण ५० दिनसम्म विभिन्न १२ देशका लागि स्थगित भएको श्रम स्वीकृति गत वैशाख ७ गतेदेखि सुरु गरिएको मन्त्रालयको भनाइ छ।

वैदेशिक रोजगार प्रणाली (फरेन इम्प्लोएमेन्ट इकोसिस्टम) को डिजिटाइजेसन तथा लेवर ट्र्याकिङसम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको छ। गन्तव्य मुलुकका रोजगारदाता, स्यानपावर व्यवसायी, स्वास्थ्य परीक्षण केन्द्र, तालिम प्रदायक संस्था र आप्रवासी श्रमिक स्वयंलगायत सबै प्रमुख सरोकारवालालाई समेट्ने एकीकृत डिजिटल प्रणालीमार्फत श्रम आप्रवासनमा जोखिम कम, अनियमित गतिविधिमा न्यूनीकरण र सम्बद्ध पक्षलाई जिम्मेवार र उत्तरदायी बनाउँदै पारदर्शिता र सुशासन अभिवृद्धिको कार्यमा सहयोग पुग्ने मन्त्रालयको कार्य दिशा छ।

वैदेशिक रोजगारीमा जाने कामदारहरूको स्वास्थ्य परीक्षणलाई व्यवस्थित र पारदर्शी बनाउन स्वास्थ्य परीक्षण डिजिटल वेब पोर्टलको परीक्षण गरिएको छ। आगामी साउन महिनाबाट वैदेशिक रोजगार सम्बद्ध मुद्दामामिला तथा अनुसन्धानको कार्य अनलाइन प्रणालीमार्फत सम्पादन गर्ने प्रबन्ध मिलाउन सफ्टवेयर निर्माण भइरहेको छ।

मन्त्रालयले अब श्रम स्वीकृति 'स्वतः नवीकरण' हुने व्यवस्था सुरु गरेको छ। 'पासवर्ड रिसेट'जस्ता साना कामका लागि विभाग धाउनुपर्ने अवस्था हटाइ स्थानीय तहबाट नै श्रम स्वीकृति आवेदन गर्ने व्यवस्था मिलाइएको छ।

सरकारले सम्पूर्ण 'लेबर माइग्रेसन सिस्टम' लाई विद्युतीकरण (डिजिटाइजेसन) गर्ने कामलाई उच्च प्राथमिकतामा राखेको छ। विदेश जानुअघि र विदेश गएर फर्किएसम्मका सबै प्रक्रियालाई एउटै 'इन्टिग्रेटेड इकोसिस्टम' ल्याइनेछ।

गत चैत २७ गते मात्रै नियुक्ति हुनुभएका मन्त्री रामजी यादवले श्रमलाई मर्यादित, व्यवस्थित गर्दै आन्तरिक रोजगारी तथा स्वरोजगारी प्रवर्द्धनमा जोड दिनुभएको छ।

मन्त्री यादवले संसद्मा असार ३ गते मन्त्रालयले गरेका प्रगति विवरण प्रस्तुत गर्ने क्रममा आगामी १० वर्षमा 'आन्तरिक रोजगार प्रवर्द्धन दशक' मनाउने घोषणा गर्नुभएको थियो।

उहाँका अनुसार देशभित्र मर्यादित श्रम, आन्तरिक रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन, सुरक्षित र व्यवस्थित बनाउनुका साथै वैदेशिक रोजगारी र सीपयुक्त जनशक्ति विकास प्रवर्द्धन गर्ने मन्त्रालयको उद्देश्य छ। जसअन्तर्गत मन्त्रालयले 'रोजगारी नीति २०७१' संशोधन गरेर समयसापेक्ष बनाउन प्रक्रिया सुरु गरेको छ।

वैदेशिक रोजगारलाई नियन्त्रण होइन व्यवस्थित गर्नुपर्ने मान्यतालाई आत्मसात् गरेको मन्त्रालयले वैदेशिक रोजगार ऐन संशोधन गर्ने प्रक्रियामा जुटेको छ। रोजगार नीति परिमार्जनका लागि कार्यदल गठन गरिएको छ।

युवालाई उद्यमी बनाउने सन्दर्भमा मन्त्रालयले ७५३ वटै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाउने प्रयत्न भएको छ। यो उद्देश्य पूर्तिका लागि मन्त्रालयले 'रोजगार सूचना र उद्यमशीलता विकासका लागि उद्यमशीलता केन्द्र विकास'को कार्यविधिसमेत बनाइसकेको छ।

यसका साथै मन्त्रालयले श्रम शोषण रोक्न तथा श्रमिकका अधिकार सुनिश्चित भए/नभएको अनुगमन गर्न निरन्तर श्रम निरीक्षण टोलीलाई विभिन्न सङ्घसंस्थामा खटाउँदै सचेत रहन आग्रह गरिरहेको छ। मन्त्री यादवले पदभार ग्रहण गरेयता हालसम्म करिब ८०० वटा निरीक्षण सम्पन्न भइसकेको जानकारी दिनुभयो।

मन्त्री यादवले हालै स्विट्जरल्याण्डको जेनेभामा सम्पन्न ११४ औं अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) सम्मेलनमा आफ्नो उपस्थिति र सम्बोधनले नेपालको श्रम व्यवस्था तथा श्रमिक अधिकारका पक्षमा महत्वपूर्ण योगदान पुर्‍याएको उल्लेख गर्नुभयो। उहाँले सम्मेलनमा नेपाली श्रमिकको अधिकारका पक्षमा स्पष्ट धारणा प्रस्तुत गर्नुभएको थियो।

यस क्रममा उहाँले केयर इकोनोमी तथा कानुनी सुधारका विषयमा नेपालले इतिहासमै पहिलोपटक एकीकृत 'राष्ट्रिय केयर इकोनोमी नीति' निर्माणको तयारी गरिरहेको जानकारी दिनुभयो। साथै, श्रम क्षेत्रलाई थप व्यवस्थित बनाउन 'श्रम निरीक्षण महासन्धि १९४७' र 'बाध्यकारी श्रम प्रोटोकल २०१४' अनुमोदनका लागि संघीय संसद्मा पेस भइसकेको पनि बताउनुभयो।

त्यसैगरी, आप्रवासी कामदार र शून्य सहनशीलता नीतिलाई नेपाल सरकारको उच्च प्राथमिकतामा राखिएको उहाँले उल्लेख गर्नुभयो। मन्त्रीले श्रम शोषण र बाध्यकारी श्रमप्रति सरकारको 'शून्य सहनशीलता' नीति स्पष्ट रहेको

बाँकी अन्तिम पृष्ठमा


## जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय सप्तरीको सूचना

उदेश्य :

- जिल्लामा बिद्यमान जलश्रोतको विकास गरि सिंचाइ योग्य जमिनमा बर्षेभरी सिंचाई सेवा बिस्तार गर्ने, गराउने,
- कृषकको सहभागितामुलक अवधारणा अनुरुप उपभोक्ताहरुको संस्थागत विकास गरि सिंचाइ प्रणालीको दिगो व्यवस्थापन गर्ने गराउने,
- सिंचाइ विकाससाग सम्बन्धित प्राविधिक जनशत्ति, उपभोक्ता र गैर सरकारी संघ संस्थाको ज्ञान सिप र संस्थागत कार्य क्षमतामा वृद्धि गर्ने गराउने,
- जिल्लामा किसानद्वारा संचालनमा रहेका साना तथा मझौला सिंचाई प्रणालिहरुको मर्मत सम्भार गरि नहरको दिगो ब्यबस्थापनमा किसानहरुलाई सहयोग गर्ने,
- जिल्लाका साना तथा मझौला नदीहरुमा जल उत्पन्न प्रकोपबाट हुने कटान डुबानको व्यबस्थापन तथा नियन्त्रण गरि जल उत्पन्न प्रकोपबाट हुने जनधन तथा कृषि योग्य जमिनको क्षतिलाई न्युनिकरण गर्ने,
- साना तथा मझौला नहरहरूको निर्माण तथा मर्मत सम्भार गर्ने गराउने, सिचांईको माध्यमबाट जिल्लाको समग्र कृषिको बिकासमा योगदान पुर्‍याउने ।

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय सप्तरी, राजविराज


## विश्व समाचार

### खामेनीको अन्त्येष्टिका लागि तेहरानमा विशाल जुलुस

तेहरान, २२ असार (रासस/एपी)।

इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको अन्तिम संस्कारका लागि सोमबार राजधानी तेहरानमा विशाल शोक जुलुस सुरु भएको छ। खामेनीको पार्थिव शरीरलाई राष्ट्रिय झण्डाले ढाकिएको कफिनमा राखी परिवारका सदस्यहरूसहित ट्रकमार्फत तेहरानका मुख्य सडक हुँदै मेहराबाद अन्तर्राष्ट्रिय विमानस्थलतर्फ लगिएको छ। फेब्रुअरी २८ मा इजरायल र संयुक्त राज्य अमेरिकाले सुरु गरेको युद्धको प्रारम्भिक चरणमा भएको हवाई आक्रमणमा उहाँको मृत्यु भएको थियो।

इरानी राज्य सञ्चारमाध्यमका अनुसार जुलुस सुरु भइसकेको छ भने सरकारप्रति जनसमर्थन प्रदर्शन गर्ने उद्देश्यले ठूलो सङ्ख्यामा नागरिकलाई सहभागी गराइएको छ। शोक अवधिलाई मध्यनजर गर्दै सडक, हवाई क्षेत्र तथा सार्वजनिक गतिविधिमा विशेष प्रतिबन्ध लगाइएको छ। शनिबारदेखि सुरु भएको राष्ट्रिय शोक बिहीबारसम्म रहनेछ। त्यसपछि ८६ वर्षीय खामेनीलाई उहाँको जन्मस्थान मशहदस्थित इमाम रेजा मन्दिर परिसरमा अन्त्येष्टि गरिनेछ।

यसबीच, संयुक्त राज्य अमेरिकाले हर्मुज जलघाँटी पूर्ण रूपमा पुनः सञ्चालन, इरानको विवादित आणविक कार्यक्रम नियन्त्रण तथा युद्धको स्थायी अन्त्यका लागि वार्ता अघि बढाउन दबाब दिइरहे पनि अन्त्येष्टि सम्पन्न नभएसम्म वार्ता स्थगित रहने सङ्केत देखिएको छ।

अन्त्येष्टिको वातावरणबीच खामेनीको मृत्युको बदला लिनुपर्ने आवाज पनि चर्किएको छ। जुलुसमा सहभागी केही शोकाकुल व्यक्तिहरूले बोकेका प्लेकार्डमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुविरुद्ध आक्रोश व्यक्त गरिएको थियो। अमेरिकी अधिकारीहरूले सन् २०२० मा जनरल कासिम सुलेमानीको हत्या भएपछि ट्रम्प र अन्य अधिकारीविरुद्ध इरानबाट आउने सम्भावित धम्कीहरू लामो समयदेखि निगरानीमा राख्दै आएका छन्। यद्यपि इरानले ट्रम्पको हत्या गर्ने कुनै षड्यन्त्र रहेको आरोप निरन्तर अस्वीकार गर्दै आएको छ।

यता ट्रम्पले पनि युद्धका क्रममा इरानविरुद्ध कडा चेतावनी दिँदै देशको सभ्यतासमेत ध्वस्त पार्ने धम्की दिनुभएको थियो। शोक जुलुसमा सहभागी फातिमा हसनले भन्नुभयो, "आज हामी आफ्ना नेताप्रति अन्तिम श्रद्धाञ्जलि अर्पण गर्न आएका छौँ। यो हाम्रो लागि अत्यन्त पीडादायी दिन हो। हामी उहाँलाई बिदाइ मात्र गर्न होइन, उहाँको मृत्युको बदला लिन पनि प्रतिबद्ध छौँ।"

### सुडान युद्धमा छ महिनामै ३०० बालबालिकाको मृत्यु

कायरो, २२ असार (रासस/एपी)।

सुडानमा जारी गृहयुद्धका कारण पछिल्लो छ महिनामै ३०० भन्दा बढी बालबालिकाको मृत्यु भएको छ। तीमध्ये अधिकांशको ज्यान ड्रोन आक्रमणमा गएको संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले सोमबार जनाएको छ। युद्ध थप तीव्र बन्दै जाँदा बालबालिका हिंसा, विस्थापन र मानवीय सङ्कटको सबैभन्दा ठूलो मारमा परिरहेका छन्।

सन् २०२३ को अप्रिलदेखि सुडानी सेना र अर्धसैनिक द्रुत समर्थन बल (आरएसएफ) बीच जारी द्वन्द्व अहिले मुख्यतः कोर्डोफान, डार्फर र ब्लू नाइल राज्यमा केन्द्रित छ। युनिसेफका अनुसार हालका महिनामा ड्रोन युद्ध तीव्र बनेको छ र कुल हताहतमध्ये करिब ६० प्रतिशत घटना ड्रोन आक्रमणसँग सम्बन्धित छन्।

रणनीतिक महत्त्वको उत्तर कोर्डोफानस्थित एल-ओबिड सहरको नियन्त्रणका लागि सेना र आरएसएफबीच चर्किएको लडाइँका क्रममा सम्भावित युद्ध अपराध र मानवअधिकार उल्लङ्घनबारे संयुक्त राष्ट्रसङ्घ, अमेरिका, बेलायतलगायत अन्तर्राष्ट्रिय समुदायले गम्भीर चिन्ता व्यक्त गरेका छन्।

यस युद्धमा हालसम्म कम्तीमा ५९ हजार मानिसको मृत्यु भइसकेको छ भने करिब एक करोड ३० लाख नागरिक विस्थापित भएका छन्। द्वन्द्वका कारण सुडानका धेरै क्षेत्र अनिकालतर्फ धकेलिएका छन् र तीन करोडभन्दा बढी मानिस मानवीय सहायताको भरमा बाँच्न बाध्य छन्।

ड्रोन आक्रमण र गोलाबारीका क्रममा विद्यालय, बजार, इन्धन भण्डारण केन्द्र तथा खानेपानीका संरचनासमेत निशाना बनाइएकाले पाँच लाखभन्दा बढी नागरिक प्रत्यक्ष जोखिममा परेका छन्। धेरै क्षेत्रमा सर्वसाधारणले एक वर्षभन्दा बढी समयदेखि घेराबन्दीजस्तै कठिन अवस्था सामना गरिरहेका छन्।

सुडानका लागि युनिसेफका प्रतिनिधि शेल्डन येटले बालबालिका हिंसा, विस्थापन र अभावको अन्तहीन चक्रमा फसेको बताउँदै उनीहरूको सुरक्षा सुनिश्चित गर्न तत्काल प्रभावकारी कदम चाल्न आग्रह गर्नुभयो। संयुक्त राष्ट्रसङ्घले पनि द्वन्द्वरत पक्षहरूलाई नागरिक तथा नागरिक पूर्वाधारको संरक्षण गर्न, मानवीय सहायता निर्बाध रूपमा पुग्ने वातावरण बनाउन र बालबालिकालाई थप क्षतिबाट जोगाउन सबै सम्भव उपाय अपनाउन आह्वान गरेको छ।

# प्रतिपक्षी दलहरूद्वारा बजेट पुनर्लेखन गर्नुपर्ने माग

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २२ असार ।**
मधेस प्रदेशका प्रतिपक्षी दलहरूले सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ल्याएको बजेट पुनर्लेखन गर्नुपर्ने माग गरेका छन् ।

आइतबार पत्रकार सम्मेलन गर्दै उनीहरूले प्रदेश गौरवका आयोजना समावेश नभएसम्म बजेट कार्यान्वयन हुन नदिने चेतावनी दिएका छन् ।

बजेटलाई अव्यवहारिक, असन्तुलित, संघीयताको मर्म विपरीत तथा नीतिगत भ्रष्टाचारलाई प्रोत्साहन गर्ने खालको रहेको उनीहरुको आरोप छ ।

जसपा नेपालको संसदीय दलले जनमत पार्टीका प्रदेशसभा सदस्यहरूसँग संयुक्त रूपमा आयोजना गरेको पत्रकार सम्मेलनमा पूर्वमुख्यमन्त्री तथा प्रदेशसभा सदस्य लालबाबु राउतले सरकारले विधिसम्मत प्रक्रिया अवलम्बन नगरी आग्रह-पूर्वाग्रहका आधारमा बजेट ल्याएको आरोप लगाए ।

उनका अनुसार बजेट निर्माणका क्रममा कानुनी प्रक्रिया पालना नगरिएकाले यस्तो बजेट स्वीकार्य हुन सक्दैन।अर्का पूर्वमुख्यमन्त्री तथा जसपा नेपालका प्रदेशसभा सदस्य जितेन्द्र सोनलले प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा समानुपातिक रूपमा बजेट विनियोजन हुनुपर्ने माग गरे ।

उनले सशर्त, समपूरक र विशेष अनुदान वितरणको आधार स्पष्ट गर्नुपर्ने बताए । मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरिसक्दा पनि संघीयताको मर्म विपरीत असन्तुलित बजेट ल्याइएको उनको आरोप थियो ।

जनमत पार्टीका संसदीय दलका नेता चन्दन सिंहले बजेटलाई सङ्घीयताविरोधी भएको टिप्पणी गरे। उनले कांग्रेस, एमाले र नेकपा सुरुदेखि नै सङ्घीयताविरोधी गतिविधिमा संलग्न रहेको आरोप लगाउँदै मुख्यमन्त्री कृष्ण यादव नेतृत्वको सरकारले त्यसैको पुष्टि गर्ने गरी बजेट ल्याएको दाबी गरे ।

उनीहरूले संघीयता स्थापनाका लागि लामो सङ्घर्ष भएको स्मरण गराउँदै प्रदेशभरिका आवश्यकता बेवास्ता गरी बजेट एक जिल्लामा केन्द्रित गरिएको आरोप लगाए । एक करोड रुपैयाँभन्दा कमका योजना समावेश नगर्ने भनिए पनि एउटै शीर्षकअन्तर्गत ५-६ वटा योजना राखिएको तथा बजेट 'सेटिङ'का आधारमा वितरण गरिएको उनीहरूको आरोप थियो ।

# बिपी प्रतिष्ठानको सेवा विस्तारमा सरकार प्रतिबद्ध छ : स्वास्थ्यमन्त्री मेहता

सुनसरी, २२ असार (रासस) ।
स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवा विस्तार, पूर्वाधार विकास तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताउनुभएको छ ।

आइतबार गृहमन्त्री सुधन गुरुङसँगै प्रतिष्ठानको निरीक्षण गर्दै उहाँले नवनिर्मित मातृत्व तथा बाल स्वास्थ्य सेवा केन्द्र (एमसिएच) भवनलाई आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण तथा व्यवस्थापनसहित यथाशीघ्र सञ्चालनमा ल्याइने जानकारी दिनुभयो । उहाँले एमसिएच भवन सञ्चालनमा आएपछि पूर्वी नेपालका सेवाग्राहीले गुणस्तरीय मातृ तथा शिशु स्वास्थ्य सेवा सहज रूपमा प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।

मन्त्री मेहताले प्रतिष्ठानमा एमआरआई सेवा पनि यथाशीघ्र सञ्चालनमा ल्याइने बताउँदै अत्याधुनिक उपकरणको व्यवस्था गरी विशेषज्ञसहितको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने मार्गमा मन्त्रालय प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

प्रतिष्ठानको हाताभित्र निर्माण सम्पन्न भएको एमसिएच भवन सञ्चालनसँगै आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी तथा प्राविधिक जनशक्तिको व्यवस्थापन, आधुनिक उपकरण जडान तथा सेवा सञ्चालनलाई प्रभावकारी बनाउनु सरकारको पहिलो प्राथमिकतामा रहेको उहाँले प्रतिबद्धता जनाउनुभयो ।

पूर्वाधार निर्माणसँगै त्यसको प्रभावकारी उपयोग तथा गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न मन्त्रालयले विशेष योजना बनाउने उल्लेख गर्दै मन्त्री मेहताले यस प्रतिष्ठान पूर्वी नेपालको मात्र नभई राष्ट्रिय महत्वको स्वास्थ्य प्रतिष्ठान भएकाले यसको सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र जनमुखी बनाउन सबै पक्षबीच समन्वय आवश्यक रहेको धारणा राख्नुभयो ।

प्रतिष्ठानमा देखिएका समस्या समाधानका लागि सरकारले आवश्यक सहयोग तथा सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले अध्ययन अध्यापन स्वास्थ्य सेवा तथा अनुसन्धानलाई थप सुदृढ बनाउन प्रतिष्ठानलाई योजनाबद्ध रूपमा अघि बढ्न निर्देशन दिनुभयो ।

# कोशी अस्पतालको अतिक्रमित जग्गा खाली गराउन गृहमन्त्री गुरुङको निर्देशन

विराटनगर, २२ असार (रासस) ।
गृहमन्त्री सुधन गुरुङले विराटनगरस्थित कोशी अस्पतालको अतिक्रमित जग्गा तत्काल खाली गराउन निर्देशन दिनुभएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहतासहित आइतबार साँझ अस्पतालको स्थलगत निरीक्षणमा पुग्नुभएका गृहमन्त्री गुरुङले सरकारी र सार्वजनिक जग्गा हडपेर बनाइएका अवैध संरचना हटाउन गृह प्रशासनलाई निर्देशन दिनुभएको हो ।

विभिन्न सङ्घसंस्थाले अस्पतालको जग्गा वर्षौंदेखि कब्जा गरी व्यावसायिक प्रयोजनमा लगाएको पाइएपछि गृहमन्त्री गुरुङ आफैँ टोली लिएर अस्पताल परिसरको वस्तुस्थिति बुझ्न पुग्नुभएको थियो । अस्पताल प्रशासनले अतिक्रमित संरचना हटाउन दिएको १५ दिने म्याद सकिएको दुई दिनपछि गृहमन्त्री र स्वास्थ्यमन्त्रीको टोलीले आकस्मिक निरीक्षण गरेको हो ।

निरीक्षणका क्रममा गृहमन्त्री गुरुङले कानुनको बर्खिलाप हुने गरी सार्वजनिक जग्गा ओगट्ने जो कोहीलाई पनि नछाडिने बताउनुभयो । अस्पतालको स्वामित्वमा रहेको जग्गा खाली गराउने अभियानमा गृह मन्त्रालयले स्थानीय प्रशासन र सुरक्षा निकायलाई पूर्ण रूपमा परिचालन गर्ने उहाको भनाइ थियो ।

स्वास्थ्यमन्त्री निशा मेहताले अस्पतालले दिएको समयसीमा सकिँदा पनि संरचना खाली नहुनु दुःखद् भएको भन्दै अबको एक हप्ताभित्र यो ठाउँ खाली गराइने प्रतिबद्धता जनाउनुभयो ।

कोशी अस्पतालका नाममा रहेको विराटनगर-७ स्थित कित्ता नम्बर १२, १५, २२, ११, २६ र २३ को जग्गामा नेपाल रेडक्रस सोसाइटी, नेपाल क्षयरोग निवारण संस्था, गणेश मन्दिर समिति र देवकोटा पुस्तकालयले स्थायी संरचना बनाई भाडामा लगाएका छन् ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चन्द्रभाल झाले अस्पतालको जग्गा फिर्ता हुने प्रक्रियाले गति लिनेमा विश्वास व्यक्त गर्नुभयो ।

## *सरकारी प्रतिबद्धता ...*

दबाव पुगेको र माग सम्बोधन गर्न गम्भिरता देखाएको उल्लेख छ ।

आन्दोलन सुरु गरेको केही दिन मै सरकारले समस्या समाधानका लागी मन्त्रालयबाट ५ सदस्यीय टोली गठन गरेको, टोली राजविराज पुगी स्थलगत अध्ययन र सरोकारवालासंग राय, सुझाव र प्रमाणहरु संकलन गरेको, सोको प्रतिवेदन मन्त्रालयलाई बुझाई सकेको र सरकारले सो अध्ययन पश्चात् प्रक्रिया पुरा गरी छिट्टै लालपूर्जा प्रदान गरिने भनी वार्ताका क्रममा प्रतिबद्धता समेत जाहेर गरिसकेकाले विश्वासमा परी तत्काल आन्दोलन स्थगन गर्ने निर्णयमा पुगेको प्रेस विज्ञप्तीमा उल्लेख छ ।

यस्तै आन्दोलनका क्रममा घाइते भएका आन्दोलनकारीहरुको सिघ्र स्वास्थ्य लाभको कामना तथा दोषि प्रहरीमाथी कारवाहीको माग समेत विज्ञप्तिमार्फत गरिएको छ ।

बजार स्थापनाकाल देखी नै तोकिएको शुल्क तिरेर जग्गा खरीद गरि उक्त जग्गामा आफ्नै लगानीमा भवन तथा संरचना निर्माण गरी वसोवास तथा व्यापार व्यवसायी समेत संचालन गरेर नगरको विकासमा योगदान पुर्‍याउदै आएका ५ हजार २ सय भन्दा बढी परिवारले हाल सम्म लालपूर्जा (जग्गाधनी प्रमाण पुर्जा) पाउन सकेका छैनन ।

वि.स. १९९८ सालमा राजविराजमा बजार स्थापनाको क्रम सुरू भएको थियो । सोही समयदेखी वसोवास गर्दै आएकाहरु विगत ८५ वर्षदेखी लालपुर्जा माग्दै संघर्षरत छन । तर अझै लालपुर्जा पाउन सकेका छैनन् । पछिल्लो पटक नगरवासीले संघर्ष समिती नै गठन गरी २०८३ साल जेठ १ गते देखी निरन्तर आन्दोलन गरिरहेका थिए । राजविराज नगरपालिका कार्यालयमा तालाबन्दी, बजार बन्द, अर्धनग्न जुलुश, मशाल जुलुश, लाठी जुलुश, थाली जुलुश, रिले अनशन, धर्ना लगायतका कार्यक्रम सम्पन्न गरिसेकेका समितिले विज्ञप्ती मार्फत सरकारी प्रतिबद्धता अबको केही दिन भित्रै पुरा नभए आन्दोलनको आँधीबेरी सिर्जना गर्ने चेतावनी समेत दिएको छ ।

## *आन्तरिक रोजगारको ...*

दोहोर्‍याउनुभयो ।

यसअन्तर्गत वैदेशिक रोजगारीको डिजिटाइजेसन सम्बन्धी प्रतिवेदन कार्यान्वयन प्रक्रिया अघि बढिसकेको पनि उहाँले जानकारी दिनुभयो ।

सरकार गठन भएको सय दिनभित्र श्रम मन्त्रालयले २०५७ सालदेखिका उजुरी तथा मुद्दाका फाइलहरूलाई हार्डकपीबाट व्यवस्थित गर्दै १,४०० मुद्दाको विस्तृत विवरण र १०,१२८ मुद्दाको संक्षिप्त विवरणसहित डिजिटल अभिलेख तयार गरेको छ । यसबाट अभिलेख प्रणाली थप चुस्त र प्रभावकारी भई सेवा प्रवाहमा सुधार हुने मन्त्रालयको विश्वास छ ।

वैदेशिक रोजगारीका क्रममा हुने ठगी, प्रलोभन र अनियमितताका घटनालाई छिटो सम्बोधन गर्न मन्त्रालयस्तरमा 'एक्सन कमान्ड सेन्टर' स्थापना गरिएको छ । सो अवधिमा वैदेशिक रोजगारीसँग सम्बन्धित एक हजार ६६३ वटा गुनासो सम्बोधन गरिएको छ ।

त्यसैगरी, वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको हितलाई ध्यानमा राखी सही सूचना प्रवाह र सहजीकरणका लागि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा श्रम सहायता कक्ष स्थापना गरी सेवा प्रवाह भइरहेको छ ।


मन्त्री यादवले आन्तरिक रोजगारीलाई प्राथमिकतामा राख्दै कार्ययोजना निर्माण गर्नुभएको छ । सोहीअनुसार रोजगार, सीप तथा उद्यमशीलतासम्बन्धी सेवा डिजिटाइजेसन र एकीकृत रूपमा प्रवाह गर्ने उद्देश्यले रोजगार व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नति गरिएको छ ।

रोजगार सेवा केन्द्रमार्फत वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको विवरण प्रविष्ट गरी प्राप्त तथ्याङ्कका आधारमा आप्रवासी कामदारको माग र आवश्यकताअनुसार सेवा प्रवाह, ट्र्याकिङ तथा पुनःएकीकरण सेवाको प्रभाव मूल्याङ्कन एकद्वार प्रणालीमार्फत गर्ने गरी निर्माण अन्तिम चरणमा पुगेको छ ।

मन्त्रालयले निजी क्षेत्र र रोजगार सेवा केन्द्रबीच सहकार्य अभिवृद्धि गर्ने उद्देश्यका साथ अन्तरराष्ट्रिय श्रम संगठन (आइएलओ) र नेपाल उद्योग वाणिज्य महासङ्घसंगको सहकार्यमा 'निजी क्षेत्र संलग्नता रणनीति (रोजगार सेवा केन्द्रसँगको सहकार्यका लागि)' तयार गरेको छ ।

यसैगरी, सरकारले डिजिटलाइजेसनमार्फत कार्य पारदर्शिता र प्रभावकारिता बढाउने नीति लिएको छ । सोही सन्दर्भमा श्रम मन्त्रालयले विदेशस्थित कूटनीतिक नियोगका श्रम सहचारीहरूसँग समय-समयमा भर्चुअल बैठक गरी त्यहाँ रहेका श्रमिकहरूको अवस्थाबारे जानकारी लिँदै आवश्यक निर्देशन दिने गरेको छ । साथै, श्रमिक सहायता तथा जानकारी प्रवाहका लागि फेसबुक लाइभ र अन्य सामाजिक सञ्जालमार्फत पनि सेवा प्रदान गर्दै आएको छ ।

सामाजिक सुरक्षा कोषमा आबद्ध श्रमिकहरूलाई भौतिक पुँजी निर्माणमा सहयोग पुर्‍याउने उद्देश्यले योगदानकर्ता सापटी निर्देशिका संशोधन गरी घडेरी खरिद कर्जा थप गरिएको छ । साथै, सापटीको सीमा बढाएर रु एक करोड ५० लाख पुर्‍याइएको मन्त्रालयले जनाएको छ ।

सूचना ! सूचना !! सूचना !!!
इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा
सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*